# गैंडा पाइने एशियाली राष्ट्रहरुको तेस्रो बैठक

## चितवन राष्ट्रिय निकुञ्ज, नेपाल

## <u>प्रेस विज्ञप्ती</u>

गैंडा पाइने एशियाली मुलकहरु भुटान, भारत, इण्डोनेशिया, मलेशिया र नेपालका उच्च सरकारी अधिकारीहरु, विश्व संरक्षण संघको स्पेसिस सरभाइभल कमिशनका अधिकारीहरु, एशियन गैंडा विज्ञ समूह, संरक्षण साझेदार संघ संस्थाका प्रतिनिधीहरु, विज्ञहरु, गैंडा संरक्षणका लागि आर्थिक तथा प्राविधिक सहयोग पुऱ्याउने दातृ निकायका प्रतिनिधीहरु, स्थानीय सरोकारवाला तथा समुदायको सहभागितामा मिति २०७९ माघ २० देखि २२ सम्म नेपालको चितवन राष्ट्रिय निकुञ्जमा शुरु भएको तेस्रो बैठक "एशियन गैंडा संरक्षणको लागि चितवन घोषणापत्र - २०२३" जारी गरी सम्पन्न भएको छ ।

नेपाल सरकारको आयोजनामा भएको बैठकलाई एशियन गैंडा विज्ञ समुह, विश्व संरक्षण संघको स्पेसिस सरभाइभल कमिशनले सहजीकरण गरेको थियो । यस बैठकलाई सफलतापूर्वक सम्पन्न गर्न नेपाल सरकार, राष्ट्रिय प्रकृति संरक्षण कोष-नेपाल, डब्लु डब्लु एफ नेपाल, जेड एस एल नेपाल, यू एस फिस एण्ड वाइल्ड लाइफ सर्भिस, राइनो रिकभरी फण्ड, आर्यानायक र अन्तर्राष्ट्रिय राइनो फाउण्डेशनले सहयोग गरेको थियो । यस सम्वन्धी पहिलो बैठक सन् २०१३ मा इण्डोनेशिया र दोस्रो बैठक सन् २०१९ मा भारतमा सम्पन्न भएको थियो ।

यस बैठकमा भुटान, भारत, इण्डोनेशिया, मलेशिया र नेपालले आ-आफ्नो देशको अनुभव, सफल कार्य, प्रविधि, साझा सवाल तथा भावी योजना जस्ता विषयहरुको प्रस्तुतिसहित छलफल गरी अनुभव साटासाट गरिएको थियो । यसै गरी गैंडा संरक्षणको लागि सहकार्य गरी गर्नुपर्ने कार्यहरु, भावी प्राथमिकताका क्षेत्रहरु, गैंडाको चोरी शिकार तथा तिनका अङ्गको अवैध व्यापार नियन्त्रण, खण्डीकरण र क्षयीकरणबाट वासस्थानको सुरक्षा तथा गर्नुपर्ने सुधार, गैंडाको व्यवस्थापन, गैंडा - मानव द्वन्द व्यवस्थापन, वन्यजन्तुको स्वास्थ्य, सीमापार समन्वय र सहकार्य तथा जलवायुजन्य असरलाई न्यूनीकरण गर्ने विषयहरुमा विस्तृत छलफल गरिएको थियो ।

राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा. मीन बहादुर श्रेष्ठको प्रमुख आतिथ्यतामा शुरु भएको बैठकको उद्‌घाटन सत्रको अध्यक्षता राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक डा. महेश्वर ढकालले गर्नु भएको थियो । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका उपमहानिर्देशक अजय कार्कीले बैठकका राष्ट्रिय प्रतिनिधी र सहभागीहरुलाई स्वागत मन्तव्य मार्फत स्वागत गर्नुभएको थियो । । सोही अवसरमा नेपालका



CS CamScanner

सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल 'प्रचण्ड' ज्यूको भिडियो सन्देश सहितको शुभकामना मन्तव्य प्राप्त भएको थियो । उक्त मन्तव्यमा गैंडा संरक्षणमा नेपाल सरकारको प्रतिबद्धता जनाउँदै सबै राष्ट्रहरुलाई विकास साझेदारहरुसँग समन्वय गरी प्रकृतिमैत्री पूर्वाधार निर्माणको लागि अनुरोध गर्नु भएको थियो । प्रमुख अतिथी माननीय डा. मीन बहादुर श्रेष्ठले गैंडा पाइने एशियाली राष्ट्रहरुले गैंडाको संरक्षणमा खेल्नु पर्ने भूमिका र महत्वका बारेमा मन्तव्य व्यक्त गर्नु भएको थियो । साथै, विश्व संरक्षण संघको स्पेसिस सरभाइभल कमिशनका अध्यक्ष डा. जोन पल रोडरिज्, एशियन गैंडा विज्ञ समूहका अध्यक्ष डा. विभव तालुकदार, राष्ट्रिय प्रकृति संरक्षण कोषका अध्यक्ष डा. कृष्ण प्रसाद ओली, नेपाल सरकार वन तथा वातावरण मन्त्रालयलका सहसचिव श्री शिव कुमार वाग्लेबाट बैठकको सफलताको शुभकामना मन्तव्य व्यक्त गरिएको थियो । सम्माननीय प्रधानमन्त्रीज्यू, प्रमुख अतिथीज्यू लगायत सहभागीलाई धन्यवाद ज्ञापन गर्दै उद्घाटन सत्रका अध्यक्ष महानिर्देशक डा. महेश्वर ढकालले सत्रको समापन गर्नु भएको थियो ।

बैठकका एजेण्डाहरुलाई ६ खण्डमा विभाजन गरी गैंडा संरक्षणको अवस्था सम्बन्धी राष्ट्रिय प्रतिवेदन, गैंडा संरक्षणको लागि प्रविधिको प्रयोग तथा सहकार्य, संरक्षण तथा चोरी शिकार नियन्त्रण, जलवायु परिवर्तन तथा गैंडा संरक्षण, गैंडा संरक्षणमा अन्तर्राष्ट्रिय संघ संस्थाको सहयोग, गैंडाको वाससस्थानको स्थलगत अवलोकन सम्बन्धी विषयहरु समावेश भएको थियो ।

सन् २०१९ मा भारतमा सम्पन्न भएको दोस्रो बैठकले जारी गरेको "एशियन गैंडाको लागि नयाँ दिल्ली घोषणापत्र २०१९" को पुनरावलोकन गर्दै "एशियन गैंडा संरक्षणको लागि चितवन घोषणापत्र - २०२३" जारी गर्दै बैठक सम्पन्न भएको छ । उक्त घोषणा पत्रमा गैंडा पाइने एशियाली राष्ट्रहरुको ६ वटा मुख्य विषयगत क्षेत्रहरु गैंडा संरक्षण; गैंडाको संख्या व्यवस्थापन; वासस्थान व्यवस्थापन; अनुसन्धान, अनुगमन तथा सूचना आदानप्रदान; समन्वय; र सहकार्यमा सहमति जनाइएको छ ।

धन्यवाद ।

.......................

(अजय कार्की)

उपमहानिर्देशक

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

एवं संयोजक, बैठक आयोजक समिति

मितिः २०७९/१०/२२, चितवन



CamScanner